सापकोटा फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयमा सहसचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५०।६।२ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ३

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री शिवबहादुर प्रधानाङ्ग क्यानाडाको मन्ट्रियलमा हुने विश्वका प्रमुख महानगरको विश्व कंग्रेसमा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह सचिव श्री टेकनाथ भट्टराईलाई मिति २०५०।६।३ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५०।१।३ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका राजपत्राङ्कित प्रथम श्रेणी सह सचिवस्तरका श्री खगेन्द्र बस्नेतलाई नेपाल न्याय सेवाबाट नेपाल प्रशासन सेवाको समान श्रेणीको पदमा सेवा परिवर्तन गरी सोही आयोगमा पदस्थापन गरेको छ।

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२५८
मुद्रण विभाग